राजस्व परामर्श समितिको निर्णय

मिति २०७६।४।१६ गते

निर्णय न.१

मोहना नदीमा नाउ घाट डुंगा संचालन सम्बन्धमा प्रकासित गरिएको सूचना अनुसार एच गाउ ढकीया नाउ घाटको ठेक्का लागेको रकम रू ७६०००। र बहुलिया नाउ घाटको ठेक्का लागेको रकम रू ६५०००। लाई अनुमोदनका लागि नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय न.२

यस नगरपालिका क्षेत्र भित्रका व्यापारीहरूले नगरपालिकामा आफनो व्यवसाय दर्ता र नविकरण नगरेका व्यापारीहरूलाई व्यवसाय दर्ता र नविकरण गर्न लगाउने कार्यकालागि आ.व. ०७५।०७६ देखिको राजश्व रकम लिई ब्यवसाय दर्ता गर्न लगाउने ब्यवस्था कायम गर्नका लागि आउदो नगरसभाबाट अनुमोदन गर्ने गरी नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय न.३

धनगढी उपमहानगरपालिका वडा न. ९ मा रहेको चौखेरी काललाई ठेक्कामा दिई आन्तरिक आयमा अभिवृद्धि गर्ने सोचका साथ उक्त तालमा वा परिषरमा रेष्टुरेन्ट,चमेनागृह,गार्डेन निर्माण,फुटपाथ निर्माण र माछापालन जस्ता कार्य गर्न पाउने गरी ५ बर्षका लागि न्युनतम रू ५०००००। ठेक्का अंक कायम गर्ने र कार्यसम्पादन सन्तोषजनक देखिएमा अवधि थप गर्ने गरी सूचना प्रकासित गर्न नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय न.४

यस धनगढी उपमहानगरपालिको कार्यालय भवनको पश्चिम पट्टी रहेको सोपिंङ कम्पलेक्सको भुई तलाका सटर कोठाहरू सिलबन्दि दरभाउपत्रको माध्यमबाट बढाबढ प्रक्रियामा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्तिहरूका नाममा स्वीकृत भएकोमा निजहरूले हरूले आफ्नो सटर कोठाहरू सोही दररेटमा अन्य कसैलाई हस्तान्तरण गर्न चाहेमा उत्त सटर कोठाहरू अन्य ब्यक्तिको नाममा सम्झोता प्रकिया अगाढि बढाउन नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय न. ५

यस धनगढी उपमहानगरपालिका कार्यालयको आन्तरीक श्रोतमा महत्वपुर्ण योगदान अभिबृद्धि गरिरहेका सवारी साधन पार्किङ शुल्क साथै बसपार्क टर्मिनल भवनको भुई तला समेत आ.ब. ०७६।०७७ का लागि बार्षिक रू ७५,५०,०००। ठेक्काको न्युनतम अंक कायम गरी प्रति बर्ष ७ प्रतिशतका दरले बृद्धि हुने गरी ५ बर्षका लागि देहाय अनुसार दररेट अनुसार सूचना प्रकासित गर्न नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

१। बसबिसौनीबाट यात्रु बोकेर निस्केर जाने सवारी साधनले लिएको एउटा टिकट रकमको लामो दुरीको लागि १५ प्रतिशतले हुन आउने रकम र छोटो दुरीको लागि २० प्रतिशतले हुन आउने रकम प्रति टिप बापत्त तिर्नु पर्ने छ ।

२। बस बिसौनीमा सवारी साधन बिश्राम गराएमा प्रति सवारी साधन रू.५०।००

निर्णय न.६

नगर विकास कोष, नया वानेश्वर काठमाण्डौवाट मिति २०७६।०४।१३ ,च.न. ३७ को पत्रानुसार यस उपमहानगरपालिकावाट प्रस्तावित वहुउद्येश्यिय भवन परियोजना (Dhangadhi- Plaza) को आर्थिक विश्लेषण गर्नुपर्ने भएकोले उल्लेखित Format अनुसार भाडादर (प्रचलित वजार मुल्य) उपलव्ध गराइपाउ भनि पत्र प्राप्त भएकोले सो सम्वन्धमा यस कार्यालयवाट भाडामा लगाइएका सटर भाडाको आधारमा तपशिल वमोजिम भाडादर कायम गरि अध्ययन विश्लेषणका लागि पठाउन नगर कार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

| सि.न. | विवरण | शुल्क |
|---|---|---|
| १. | पार्किङ शुल्क | |
| | वाइक | १०। |
| | कार | ३०। |
| २. | भाडादर | |
| | भुईतलाको सटर भाडा | १७०००। |
| | पहिलो तलाको सटर भाडा | १२०००। |
| | दोस्रो तलाको सटर भाडा | १००००। |
| | तेस्रो तलाको सटर भाडा | ९०००। |
| | चौथो तलाको सटर भाडा | ७०००। |
| | पाचौ तलाको सटर भाडा | ५०००। |
| ३. | वैंक तथा व्यावसायिक संस्थाको मासिक भाडा | ५००००। |
| ४ | रेष्टुरेन्टको मासिक भाडा | ५००००। |
| ५ | फिल्महलको भाडादर | १०००००। |
| ६ | होडिङ बोर्डको मासिक भाडादर | ५००००। |
| ७ | सोपिस विज्ञापनको प्रतिपिस भाडादर | १५०००। |